ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी<स्थानिय तहको नाम>
भरीका सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट पुऱ्याउन

# नेपाल दूरसञ्चार प्राधिकरण, काठमाडौं

र

# <स्थानिय तहको नामर ठेगाना> बीच गरिएको

# समझदारी-पत्र

नेपाल दूरसञ्चार प्राधिकरण, जमल, काठमाडौं (यस पछि "प्राधिकरण" भनिने) र <स्थानिय तहको नाम र ठेगाना> (यस पछि "पालिका" भनिने) बीच ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी पालिका भरीका सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट पुर्याउन मिति ....................................मा नेपाल दूरसञ्चार प्राधिकरणको कार्यालयमा देहाय बमोजिम जिम्मेवारी तथा शर्त तोकी यो **समझदारी-पत्रमा** हस्ताक्षर गरियो।

**क) कार्यको विवरणः**

पालिका भरीका ........ वटा सामुदायिक आधारभूत विद्यालयहरुमा कम्तिमा २० एमबिपिएसको क्षमताको नन्-डेडिकेटेड ब्रोडब्याण्ड इन्टरनेट पु-याउने।

**ख) प्राधिकरणको काम, कर्तब्य, दायित्व र अधिकारः**

१) दफा "क" बमोजिमको कार्यका लागि प्राधिकरणबाट निर्धारण गरिएको औसत रकम भन्दा बढी नहुने गरी पालिकाले मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले छनौट गरी तोकिएका सामुदायिक आधारभूत विद्यालयहरुमा सेवा जडान गरिसके पछि सेवा प्रदायकलाई पालिका मार्फत जडान खर्च र दुई बर्षको महशुल उपलब्ध गराउने। यसरी उपलब्ध गराईने रकमलाई देहाय बमोजिम दुई पटकमा पालिकाको नाममा खोलिएको बैंक खातामा मात्र ट्रान्सफर गर्ने।

   अ) सेवा जडान तथा सञ्चालान गरेको प्रमाणित गरी पालिकाले सिफारिश गरे पश्चात जडान खर्च र एक बर्षको महशुल पालिका मार्फत सेवा प्रदायकलाई भुक्तानी गर्ने।

   आ) सेवा जडान गरी सञ्चालन गरेको एक बर्ष पश्चात सम्बन्धित पालिकाले सेवा निरन्तर रुपमा सम्झौता बमोजिम प्रदान भैरहेको प्रमाणित गरी सिफारिश गरेको आधारमा बाँकी एक बर्षको महशुल पालिका मार्फत सेवा प्रदायकलाई भुक्तानी गर्ने।

२) दफा "क" बमोजिमको कार्यको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउने।

३) जडान भै सिफारिश भएको सेवाको एकिन गर्न प्राधिकरणले सेवा प्रदायकको नेटवर्क अपरेसन सेन्टर (NOC) को विवरण लिने र सोको आधारमा जडान भएको एकिन गर्ने।

४) पालिकाको सिफारिशमा वा प्राधिकरणले अनुगमन तथा निरिक्षण गर्दा प्राधिकरणले तोकेको गुणस्तरको मापदण्ड अनुरुप नभएमा सेवा प्रदायकलाई समय तोकेर गुणस्तर कायम गर्न निर्देशन दिने। यदि सम्झौता बमोजिमको गुणस्तर कायम हुन सकेन भने सेवा प्रदायकलाई दूर सञ्चार ऐन तथा नियमावली बमोजिम कार्वाही अगाडी बढाउने।

५) जडान खर्च र दुई बर्षको महशुल खर्च बाहेक अन्य कुनै प्रकारको प्रशासनिक खर्च , पोल वा सोको भाडा बापतको खर्च उपलब्ध नगराउने।

**ग) पालिकको काम, कर्तब्य, दायित्व र अधिकारः**

१) दफा “क” बमोजिम कार्यका लागि प्राधिकरणले तय गरेको औसत दर भन्दा बढि नहुने गरी मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूरसञ्चार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरु मध्येबाट एक सेवा प्रदायक छनौट गर्ने।

२) तोकिए बमोजिम उपकरण जडान भै तोकिए बमोजिमको सेवाको गुणस्तर कायम भएको एकिन गरी प्राधिकरणलाई सिफारिश गर्ने।

३) छनौट भएको सेवा प्रदायकाबाट तोकिए बमोजिमको गुणस्तरको सेवा प्राप्त गरेको सुनिश्चितता गरेर मात्र भुक्तानी गर्ने।

४) जडान भएका उपकरणहरुको अभिलेख राख्ने।

५) सेवा उपलब्ध गराउदा उपलब्ध गराईने रकमको लेखा राख्ने तथा अन्तिम लेखा परीक्षण गर्ने। यदि बेरुजु भएमा समपरिक्षण वा असुल गर्ने गराउने दायित्व स्थानिय तहको हुने।

६) जडान खर्च र दुई बर्षको महशुल खर्च बाहेक अन्य कुनै प्रकारको प्रशासनिक खर्च , पोल वा सोको भाडा बापतको खर्च पालिकाले उपलब्ध गराउने |

७) तोकिएका सामूदायिक आधारभूत विद्यालयहरुमा सेवाको उपलब्धता र उपभोगको सुनुश्चितता गर्ने।

८) दफा “क” बमोजिमको कार्यका लागि प्राधिकरणले उपलब्ध गराउने रकम सोही कार्यमा मात्र प्रयोग भएको सुनिश्चितता गर्ने।

९) त्रैमासिक रुपमा सेवाको गुणस्तरका सम्बन्धमा प्राधिकरणले तोकेको मापदण्ड अनुरुप भए/नभएको बारे अनुगमन तथा निरिक्षण गरी प्राधिकरणलाई जानकारी गराउने।

१०) प्राधिकरणबाट हुने दफा “क” बमोजिमको कार्यको अनुगमन तथा निरिक्षणको लागि समन्वय तथा सहजिकरण गर्ने।

११) सेवाको सुरुवात र निरन्तरता को लागि प्राधिकरण वा छनौट भएको सेवा प्रदायक र विद्यालयहरु बीच समन्वय तथा तथा सहजीकरण गर्ने।

१२) सामुदायिक विद्यालयहरुसँग प्रबिधिमा आधारित पठन पाठन एवं इन्टरनेटको सहि उपयोग गराउन समझदारी गर्ने।

घ) दुई बर्षको निःशुल्क सेवा अवधि समाप्त भए पश्चात सेवाको निरन्तरता तथा दिगोपनाको लागि स्थानिय तहको सहकार्य र साझेदारीमा आवश्यक व्यवस्था गरिनेछ।

ङ) प्रत्येक पक्षको दायित्व तथा यस समझदारी-पत्रका शर्तहरु दुबै पक्षहरुको लिखित सहमतिमा थप वा घट गर्न सकिने छ।

| **प्राधिकरणको तर्फबाटः** | **पालिकाको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः ................................ | हस्ताक्षरः ................................ |
| नामः................................................ | नामः................................................ |
| पदः................................................. | पदः................................................. |
| साक्षीः | साक्षीः |
| हस्ताक्षरः ................................ | हस्ताक्षरः ................................ |
| नामः................................................ | नामः................................................ |
| पदः................................................. | पदः................................................. |
| कार्यालयको छापः | कार्यालयको छापः |

नोट १:- २ बर्षको लागि महशुल बापतको रकमको गणना प्राधिकरणबाट स्वीकृत दररेट भित्र पछिल्लो पटक सेवा प्रदायकहरुबाट प्रकाशित गरिएको महशुल दरको आधारमा लिई २ बर्षको लागि महशुल र जडान खर्च बापत प्रति साईट औसत रु . २६,२८१/- कायम गरिएको छ।